# स्थानीय राजपत्र


| गोलन्जोर गाउँपालिका, ग्वालटार, सिन्धुलीद्वारा प्रकाशित | | |
|---|---|---|
| खण्ड ३ | संख्या १ | मितिः २०७६/०८/२० |


## भाग - २

## गोलन्जोर गाउँपालिका

## सूचना

**सम्वत् २०७६ सालको निर्देशिका संख्या १**

# गोलन्जोर गाउँपालिकाको स्थानीय विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन सिकाई केन्द्र (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७६

**प्रस्तावनाः** नेपाल विपद् र जलवायु परिवर्तनको प्रभावका दृष्टिकोणले अत्यधिक जोखिममा रहेको मुलुक हो । प्रमुख रूपमा भूकम्प, बाढी, पहिरो, महामारी, अतिवृष्टि, अनावृष्टि, आगलागी, शीतलहर, हिमपात, हिमपहिरो, चट्याङ, लू लगायतका विपद्जन्य घटनाहरूबाट जनधनको क्षति हुने गरेको छ । नेपालमा

बढ्दो अव्यवस्थित बसोबास तथा शहरीकरण, गरिबी, जनचेतनाको कमी, कमजोर भौतिक संरचना निर्माण, सूचनामा सहज पहुँचको कमी र प्रभावकारी विपद् पूर्वतयारी हुन नसक्नुका कारण मुलुकले हरेक वर्ष ठूलो मात्रामा जनधनकोक्षति व्यहोर्नु परीरहेकोछ । तसर्थ समुदाय स्तरदेखि नै जनचेतना अभिवृद्धि गर्दै, विपद् अल्पीकरण र पूर्वतयारीलाई भरपर्दो बनाई विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिबर्तन अनुकुलनलाई विकास योजनामा मूलप्रवाहीकरण गरी जनसहभागितामा आधारित उत्थानशील समुदाय निर्माण गर्न स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा ३ ले प्रदान गरेको अधिकार प्रयोग गरीस्थानीय निकायहरूमा "स्थानीय विपद् जोखिम व्यवस्थापन तथा जलवायु अनुकूलन सिकाइ केन्द्र २०७३" स्थापना गर्न सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय द्धारा जारी गरिएको निर्देशिकाको आधारमा गोलन्जोर गाउँपालिकाले आफ्नो नगरको "स्थानीय विपद् जोखिम व्यवस्थापन तथा जलवायु अनुकूलन सिकाइ केन्द्र २०७५ तयारगरी जारी गरिएको छ ।

## भाग १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**

(क) यस निर्देशिकाको नाम "स्थानीय विपद् जोखिम व्यवस्थापन तथा जलवायु अनुकूलन सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन) निर्देशिका २०७५" रहेको छ ।

(ख) यो निर्देशिका सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रायलबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यस निर्देशिकामा :

(क) "ऐन" भन्नाले स्थानीय स्वायत्त शासन ऐन, २०५५ लाई सम्झनुपर्छ ।

(ख) "नियमावली" भन्नाले स्थानीय स्वायत्त शासन नियमावली, २०५६ लाई सम्झनुपर्छ।

(ग) "मन्त्रालय" भन्नाले सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई सम्झनु पर्छ।

(घ) "विषयगत मन्त्रालय" भन्नाले सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय बाहेकका नेपाल सरकारका विकास निर्माण एवं सेवा सुविधाको प्रवाहसँग सम्बन्धित अन्य मन्त्रालयहरूलाई सम्झनुपर्छ।

(ङ) "निर्देशिका" भन्नाल स्थानीय विपद् जोखिम व्यवस्थापन तथा जलवायु अनुकूलन सिकाइ केन्द (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका २०७३" लाई सम्झनुपर्छ।

(च) "सिकाई केन्द्र" भन्नाले यो निर्देशिका बमोजिम स्थानीय तहमा स्थापना हुने स्थानीय विपद् जोखिम व्यवस्थापन तथा जलवायु अनुकूलन सिकाइ केन्द्रलाई सम्झनुपर्दछ।

(छ) "विकास साझेदार" भन्नाले नेपाल सरकारसँग भएको सम्झौता बमोजिम नगद, जिन्सी एवं प्राविधिक सहयोग उपलब्ध गराउने द्विपक्षीय एवं बहुपक्षीय दातृ निकाय, संयुक्त राष्ट्रसङ्घीय निकायहरू तथा अन्तर ाष्ट्रिय गैरसरकारी संस्था र रेडक्रस अभियानका अङ्ग आदिलाई सम्झनुपर्छ।

(ज) "स्थानीय निकाय" भन्नाले स्थानीय स्वायत्त शासन ऐन, २०५५ बमोजिम गठित गाउँ विकास समिति र नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका समेतलाई सम्झनुपर्छ।

(झ) "विषयगत कार्यालय" भन्नाले नेपाल सरकारका विभिन्न विषयगत मन्त्रालय अन्तर्गत रहेका जिल्ला, नगरपालिका र गाउँपालिका स्थित कार्यालयहरुलाई सम्झनुपर्छ।

(ञ) "गैरसरकारी संस्था" भन्नाले यस निर्देशिकाको प्रयोजनको लागि प्रचलित कानुन बमोजिम स्थापना भएका र स्थानीय निकायको परिषद्‌बाट आफ्नो कार्यक्रम स्वीकृत गराई स्थानीय निकायसँग समन्वय गरी कार्य सञ्चालन गर्ने गैर नाफामुलक संस्थालाई सम्झनुपर्छ।

(ट) "सामुदायिक संस्था" भन्नाले जनचेतना अभिवृद्धि, तालिम, अभिमुखीकरण, सीप विकास, बचत, कर्जा परिचालन र सशक्तीकरण गर्ने उद्देश्यले निश्चित प्रक्रिया अवलम्बन गरी प्रचलित कानुन बमोजिम स्थापना भएका तथा स्थानीय निकायमा सूचीकृत समुदायमा आधारित संस्थालाई सम्झनुपर्छ।

(ठ) "निकाय" भन्नाले सरकारी, गैरसरकारी, विकास साझेदार तथा सामुदायिक संघ संस्था र कार्यलयलाई सम्झनु पर्छ।

(ड) "अनुदान" भन्नाले नेपाल सरकारबाट जिल्ला विकास समिति, नगरपालिका र गाउँपालिकालाई प्राप्त हुने निःशर्त तथा सशर्त अनुदान, विभिन्न मन्त्रालय, कार्यक्रम, विकाससमिति, कोष र दातृ निकायबाट उपलब्ध हुने वित्तीय, प्राविधिक एवं वस्तुगत सहयोग समेतलाई सम्झनुपर्छ।

(ढ) "लक्षित समूह" भन्नाले आर्थिक रुपमा पछाडि परेका विपन्न वर्गका महिला एवं वालवालिका तथा आर्थिक तथा सामाजिक रुपमा पिछडिएका सवै जातजातिका विपन्न वर्गहरु, ज्येष्ठ नागरिक, दलित, आदिवासी, जनजाति, अपांगता भएका व्यक्तिहरु, एकल महिला, प्रकोप प्रभावित वा संकटासन्न समुदाय तथा व्यक्तिहरु, मधेशी, मुश्लिम लगायतका वर्ग एवं नेपाल सरकारले लक्षित समूह भनी तोकेका वर्ग एवं समुदायलाई सम्झनुपर्दछ।

(ण) "सञ्चालन तथा व्यवस्थापन समिति" भन्नाले स्थानीय तहमा स्थापना हुने स्थानीय विपद् जोखिम व्यवस्थापन तथा जलवायु अनुकूलन सिकाइ केन्द्र संचालनका लागी गठित बुँदा नंम्बर ४ अनुसारको समितिलाई सम्झनुपर्दछ।

३. **उद्देश्यः** समुदायमा आइपर्ने बिभिन्न प्रकारका विपद् तथा जलवायु परिवर्तनका असर, तिनका कारक तत्वहरूको पहिचान र त्यसबाट सुरक्षित रहन वा तिनको प्रभावलाई न्यूनीकरण गर्न सकिने उपायहरूका बारेमा आवश्यक सूचना व्यवस्थापन गर्दै समुदायलाई विपद् जोखिम व्यवस्थापन तथा जलवायु अनुकूलनका हिसावले उत्थानशील बनाउन टेवा पुऱ्याउनु यस "विपद् व्यवस्थापन तथा जलवायु अनुकुलन सिकाइकेन्द्र"को मुख्य जिम्मेवारी हुनेछ। यसका आधारमा यस सिकाइ केन्द्रका प्रमुख उद्देश्यहरू निम्नानुसार हुनेछन्।

(क) विपद्जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन सम्बन्धी सूचनाहरू अभिलेखीकरण गरी लक्षित समुह तथा आम नागरिकलाई सरल एवं सहज तरिकाले उपलब्ध गराउने।

(ख) विपद् तथा जलवायु परिवर्तनबाट पर्नसक्ने असरहरूलाई न्यूनीकरण गर्न आवश्यक ज्ञान, सीप, प्रविधि र सिकाइहरुको आदान प्रदान गर्ने।

(ग) स्थानीय स्तरमा विपद् पूर्वतयारी, आपतकालीन प्रतिकार्य तथा पुनर्लाभ प्रणालीलाई सुदृढ गर्न सहजीकरण गर्ने।

(घ) विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलनका लागि सचेतनामूलक अभियानहरू सञ्चालन गर्न स्थानीय स्तरमा समन्वय र सहजीकरण गर्ने।

(ङ) विपद्पूर्व तयारीका लागि वार्षिक रूपमा कृतिम घटना अभ्यासहरु (Mock Drill/Simulation exercise) सञ्चालन गर्न स्थानीय स्तरमा समन्वय गर्ने।

(च) सुरक्षित समुदाय निर्माणका लागि राष्ट्रिय भवनसंहिता (National building code) तथा भवन निर्माण मापदण्ड (Building Bi-laws)को पालना, जोखिम सम्वेदनशील भु-उपयोग योजना (Risk sensitive land use planning) तर्जुमा, विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलनलाई स्थानियस्तरका योजना तथा कार्यक्रम तर्जुमा क्रममा मूलप्रवाहीकरण गर्ने लगायतका विषयमा जनसहभागिता तथा जनचेतना अभिवृद्धि गर्दै सिकाइ प्रक्रियालाई सहजीकरण गर्ने ।

(छ) स्थानीय स्तरमा विपद जोखिम तथा जलवायु परिबर्तनबाट हुने असरलाई न्यूनीकरण गर्न सहयोग पुग्ने ।

## भाग २

## सिकाई केन्द्रको सञ्चालन तथा व्यवस्थापन

४. **सिकाई केन्द्र सञ्चालन तथा व्यवस्थापन समितिको गठन** : सिकाइ केन्द्रको सम्पूर्ण व्यवस्थापन तथा सञ्चालनको जिम्मेवारी सम्बन्धित स्थानीय निकायको हुनेछ। सो कार्यका लागि स्थानीय निकायलाई सहयोग र सहजीकरण गर्न देहाय बमोजिमको विपद् व्यवस्थापन तथा जलवायु अनुकूलन सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ।

| | | |
|---|---|---|
| (क) | प्रमुख, स्थानीय निकाय | संयोजक |
| (ख) | कार्यकारी प्रमुख, स्थानीय निकाय | सहसंयोजक |
| (ग) | विपद् सम्पर्क व्यक्ति , स्थानीय निकाय | सदस्य |
| (घ) | सूचना अधिकृत, स्थानीय निकाय | सदस्य |
| (ङ) | महिला तथा बालबालिका सम्पर्क व्यक्ति, स्थानीय निकाय | सदस्य |

(च) स्थानीय स्तरमा उपलब्ध जानकार मध्ये नगर वा गाउँ गरेको १ जना सदस्य — सदस्य

(छ) स्थानीय वा सामुदायिक विपद् व्यवस्थापन समिति सदस्य मध्येबाट स्थानीय निकायद्धारा मनोनित १ जना महिला सहित २ जना सदस्य — सदस्य

(ज) स्थानीय विकास साझेदार संघ, संस्था मध्येबाट स्थानीय निकायद्धारा मनोनित २ जना सदस्य — सदस्य

(झ) प्रतिनिधि, स्थानीय रेडक्रस — सदस्य

(ञ) प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय/इलाका प्रशासन कार्यालय सदस्य

(ट) प्रतिनिधि, जिल्ला विकास समितिको कार्यालय — सदस्य

(ठ) स्थानीय निकायको क्षेत्र भित्र रहेको विषयगत कार्यालयको प्रतिनिधिहरु — सदस्य

(ड) सम्बन्धित स्थानीय निकायको कार्य क्षेत्र भित्रका विद्यालय प्रधानाध्यापक वा क्याम्पसका प्राचार्यहरु मध्येबाट स्थानीय निकायद्धारा मनोनित एक जना — सदस्य

(ढ) सिकाइ केन्द्र अधिकृत — सदस्य सचिव

५. **सिकाइ केन्द्र अधिकृत तथा अन्य कर्मचारी सम्बन्धि व्यवस्था** : सिकाइ केन्द्रको नियमित संचालनको लागी स्विकृत दरबन्दि भित्र रही स्थानीय निकायले सिकाइ केन्द्र अधिकृतको ब्यवस्था गर्नेछ । यसरी सिकाइ केन्द्र अधिकृतको छुट्टै व्यवस्था नभएसम्म स्थानीय निकायले आफ्नो कुनै अधिकृतलाई सिकाइ केन्द्र अधिकृतको समेत कामकाज गर्ने गरी खटाउनेछ । सिकाइ केन्द्रको लागी आवश्यक अन्य कर्मचारी स्विकृत दरबन्दि भित्र रही स्थानीय निकायले खटाउनेछ।

६. **सिकाइ केन्द्र संचालन कोषः** सिकाइ केन्द्रको नियमित तथा दिगो संचालनको लागी स्थानीय निकायमा एक कोषको व्यवस्था रहनेछ तर यस व्यवस्थाले सिकाइ केन्द्रको भौतिक सुधार तथा कार्यक्रम संचालनमा सञ्चालन तथा व्यवस्थापन समितिको समन्वयमा कुनै निकायलाई कार्यक्रम बनाई रकम खर्च गर्न रोक लगाएको मानिने छैन । कोषमा देहाय बमोजिमको रकम रहनेछः

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) स्थानीय निकायबाट विनियोजित रकम,

(ग) विषयगत कार्यालयबाट विनियोजित रकम,

(घ) विकास साझेदार, गैरसरकारी संस्था तथा सामुदायिक संस्थाबाट प्राप्त रकम,

(ङ) अन्य विभिन्न स्रोतबाट प्राप्त रकम, कोषको संचालन कार्यविधि स्थानीय निकायद्धारा स्विकृत भए बमोजिम हुनेछ ।

## भाग ३

## सम्बन्धित निकायको काम, कर्तव्य र अधिकार

७. **सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको काम कर्तव्य र अधिकार**

(क) विपद् जोखिम तथा जलवायू परिवर्तन कार्यक्रमलाई विकासका नीति, योजना र कार्यक्रममा मूलप्रवाहीकरण गर्न आवश्यक पहल गर्ने ।

(ख) स्थानीय निकायको विपद् जोखिम व्यवस्थापन तथा जलवायू परिवर्तन सम्बन्धी योजना तर्जुमा गरी लागू गर्न आवश्यक पर्ने हातेपुस्तिकाहरू तयारीको समन्वय गर्ने ।

(ग) विपद् जोखिम तथा जलवायू परिवर्तन सम्बन्धी योजनाहरूको कार्यान्वयनका लागि सम्बन्धित निकायमा बजेट विनियोजनको व्यवस्था मिलाउन समन्वय गर्ने ।

(घ) स्थानीय विपद् व्यवस्थापन तथा जलवायु अनुकुलन सिकाइ केन्द्रहरूको क्षमता अभिवृद्धिका लागि आवश्यक पर्ने जनशक्तिको क्षमता विकास कार्यक्रम सञ्चालन गर्न स्थानीय निकायलाई उत्प्रेरित गर्ने ।

(ङ) स्थानिय सिकाइ केन्द्रको अनुगमन तथा मूल्याङ्कन गर्ने ।

८. **स्थानीय निकायको काम, कर्तव्य र अधिकार**

(क) स्थानीय निकायमा विपद् जोखिम व्यवस्थापन तथा जलवायु अनुकुलन सिकाइ केन्द्रहरूको स्थायित्व र दिगो रुपमा कार्यान्वयन गर्न आर्थिक एवं प्राविधिक सहयोग उपलब्ध गराउनु पर्ने ।

(ख) स्थानीय सिकाइ केन्द्रलाई न्यूनतम पूवाधारियूक्त बनाउन आवश्यक रणनीतिहरू तय गरी कार्यान्वयन गर्नु पर्ने ।

(ग) विपद् जोखिम व्यवस्थापन तथा जलवायू परिवर्तन सम्बन्धी कृयाकलापहरू सञ्चालनका लागि आवश्यकता अनुसार राष्ट्रिय तथा स्थानीय गैरसरकारी संस्था वा निकायहरूसँग समेत समन्वय गर्नु पर्ने ।

(घ) सिकाइ केन्द्रलाई स्थानीय निकायहरूले आफ्नो वार्षिक तथा आवधिक योजनामा प्राथमिकताका साथ समावेश गरी कार्यान्वयन गर्नु पर्ने ।

९. **सञ्चालन तथा व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार**

(क) सिकाई केन्द्रको वार्षिक योजना तर्जुमा गरी स्थानीय निकायमा स्वीकृतिका लागि पेश गर्ने ।

(ख) स्थानीय निकायबाट सिकाई केन्द्रका लागि स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने, गराउने ।

(ग) सिकाई केन्द्र सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक श्रोत साधनहरुको पहिचान तथा व्यवस्थापन गर्ने ।

(घ) सिकाई केन्द्रमा हुनुपर्ने न्यूनतम आवश्यक भौतिक सामग्री र सुविधाको प्रबन्ध मिलाउने ।

(ङ) केन्द्रको प्रभावकारी सञ्चालन तथा व्यवस्थापनका लागि विभिन्न सरकारी एवं गैर सरकारी साझेदार निकायहरुसंग समन्वय र सहकार्य गर्ने ।

(च) लक्षित वर्गको सूचनामा पहुँचको साथै सिकाई केन्द्रको नियमित सञ्चालनको सुनिश्चितताका लागि नियमित अनुगमन तथा मूल्यांकन गर्ने र आवश्यक सुझाव तथा निर्देशन दिने ।

(छ) कोषको संचालन कार्यविधि तयारी एवं स्वीकृतीका लागी स्थानीय निकायलाई सहयोग गर्ने ।

१०. **विकास साझेदार, गैरसरकारी तथा सामुदायिक संघ संस्थाको काम कर्तव्य र अधिकार**

(क) सिकाई केन्द्रमा भौतिक एवं प्राबिधिक सहयोग गर्न चाहाने विकास साझेदार, गैर सरकारी तथा सामुदायिक संघ संस्थाहरुले सञ्चालन तथा व्यवस्थापन समितिसमक्ष आफूले गर्न चाहेको सहयोग सम्बन्धि प्रस्ताव तयार गरी पेश गर्नु पर्ने छ र सञ्चालन तथा व्यवस्थापन समितिबाट स्वीकृत भए बमोजिम कार्यान्वयन गर्नु पर्नेछ ।

(ख) सिकाई केन्द्रमा भौतिक एवं प्राबिधिक सहयोग गर्ने बिकास साझेदार, गैर सरकारी तथा सामुदायिक संघ संस्थाहरुले सोको वर्षिक विवरण मन्त्रालयमा समेत पेश गर्नुपर्नेछ ।

**११. सदस्य सचिवको काम कर्तव्य र अधिकार**

(क) स्थानीय विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन सम्बन्धि कार्यक्रमहरु कार्यान्वयन र समुदायको क्षमता अभिवृद्धिका लागि क्षमता विकास कार्यक्रम तर्जुमा गर्न समन्वय तथा सहजीकरण गर्ने ।

(ख) विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन सम्बन्धि कार्यहरु सञ्चालन तथा कार्यान्वयन गर्ने क्रममा आवश्यकता अनुसार अन्य सरकारी तथा गैरसरकारी निकायसँग समेत समन्वय गर्नु पर्ने ।

(ग) विपद् जोखिम व्यवस्थापनका जलवायु परिवर्तन अनुकुलनका कार्यक्रमहरूलाई स्थानिय निकायका वार्षिक तथा आवधिक योजनामा प्राथमिकताका साथ समावेश गरी कार्यान्वयन गर्नु पर्ने ।

(घ) नेपालमा विपद् सम्बन्धी प्रचलित कानुन, विपद्‌को अवस्था, विपद्‌का प्रकार र यसबाट बच्ने उपायका सन्दर्भका जवाफदेही तवरले सूचना प्रवाह गर्ने सन्दर्भमा सदस्य सचिवको जिम्मेवारी हुने ।

(ङ) सरकारी एवं गैर सरकारी संघ संस्थाहरुसंग समन्वय गर्न सन्चालन एवं ब्यवस्थापन समितिलाई सहजीकरण गर्ने ।

(च) सिकाइ केन्द्रको नियमित तथा दिगो संचालनको व्यवस्था मिलाउने ।

(ज) सिकाई केन्द्रको अधिकृतको रुपमा कार्य गर्ने ।

(झ) सिकाई केन्द्रको संचालनको अवस्था, आइपरेका समस्याहरु, विभिन्न निकायहरुबाट प्राप्त सहयोग तथा कार्यक्रम सम्बन्धमा छुट्टै विवरण तयार गरी सम्बन्धित स्थानीय निकाय मार्फत मन्त्रालयमा पठाउने ।

## भाग ४

## विविध

**१२. सिकाई केन्द्रमा हुनुपर्ने न्यूनतम पूर्वाधारहरु**

(क) सिकाई केन्द्रका लागि निश्चित भौतिक सुविधासहितको छुट्टै इकाईको प्रबन्ध हुनुपर्नेछ। सो सिकाइ केन्द्र अपांगमैत्री हुनुपर्नेछ। साथै सिकाइकेन्द्र स्थानीय निकायको मूल भवन भित्र वा सोको वरीपरी प्रवेशद्वार सजिलै देखिने स्थानमा स्थापना गरिनु पर्नेछ।

(ख) सिकाई केन्द्रमा टेलिभिजन, टेलिफोन, इन्टरनेट, कम्प्युटर र आवश्यक फर्निचरको लगायत अनुसूची १ मा उल्लेख गरिएको सामाग्रीहरुको व्यवस्था हुनुपर्ने छ।

(ग) सम्बन्धित स्थानीय निकायको सेवा वा कार्यक्षेत्र भित्र हुने विपद्जन्य घटना, ती घटनाबाट उत्पन्न हुनेसक्ने अवस्था र अल्पीकरण, पूर्वतयारी र जीवनरक्षाका उपाय सिकाउने सामग्रीको व्यवस्था गरिनुपर्नेछ।

(घ) सिकाई केन्द्रलाई ‘विपद् व्यवस्थापन तथा जलवायु परिर्वतन अनुकुलन सम्बन्धी जीवन्त पुस्तकालयको रुपमा विकास गर्ने । यस सिकाई केन्द्रमा विपद् तथा जलवायु परिर्वतन सम्बन्धी ऐन, नियम, रणनीति, निर्देशिका, योजना, मार्गर्दशन, समय समयमा हुने परिपत्रहरु, राष्ट्रिय भवनसंहिता (National building code) तथा भवन निर्माण मापदण्ड (Building Bi-laws), वा सो संग सम्बन्धित ऐन, नियम वा परिपत्रहरु, स्थानीय स्तरमा तयार भएका विपद व्यवस्थापन तथा जलवायू अनुकूलन सम्बन्धि योजना तथा कार्यक्रमहरु,जोखिम संबेदनशील भूउपयोग योजना (Risk Sensitive land use plan) आदि विषयका पुस्तक, विवरण वा जानकारी मूलक सामाग्रीहरु अद्यावधिक गरी राख्ने। यस सिकाई केन्द्रलाई भौतिक एवं विद्युतीय दुवै प्रकारले विकास गरी अधिकतम उपयोगी बनाउने।

(ङ) यस सिकाई केन्द्रमा सम्बति स्थानीय निकाय र सो अर्न्तगतका वडाहरूमा तयार गरिएका विपद् जोखिम तथा जलवायु अनुकूलन योजना, आपत्कालीन योजना, जोखिम तथा क्षमताको लेखाजोखाको अध्यावधिक प्रतिवेदन लगायतका दस्तावेजहरु उपलध हुनु पर्नेछ। केन्द्रमा संकटासन्न क्षेत्रहरूको अध्यावधिक सूचना राख्नुपर्नेछ।

(च) यस सिकाई केन्द्रमा स्थानीय निकायका क्षेत्र भित्र रहेका विपद् व्यस्थापन तथा जलवायु परिवर्तन सम्बन्धी दक्ष जनशक्तिको अध्यावधिक सूचि समेत राख्नुपर्नेछ।

(छ) सम्बद्ध एवं सरोकारवाला निकायहरूको सम्पर्क नम्बर र ठेगाना यस सिकाई केन्द्रमा हुनु पर्ने छ।

१३. **श्रोत तथा समन्वय** : यस सिकाइ केन्द्रको सञ्चालनार्थ अत्यावश्यक सामग्रीको व्यवस्थाका लागि सञ्चालन तथा ब्यवस्थापन समितिले श्रोतको खोजी गर्नेछ। सोका लागी विभिन्न सरकारी एवं गैरसरकारी संस्थासँग समन्वय गर्नेछ। सिकाई केन्द्रलाई सुविधा सम्पन्न बनाई नियमित सञ्चालन गर्ने दायित्व सम्बन्धित स्थानीय निकायको भएकोले सम्बन्धित स्थानीय निकायले बार्षिक रुपमा निश्चित रकम स्रोत र साधनको रुपमा व्यवस्थागर्नु पर्नेछ।

१४. **सिकाइ केन्द्र सञ्चालन प्रक्रिया** : भौतिक पुर्वाधार तथा अत्यावश्यक सामग्री सहित स्थापित सिकाइ केन्द्रबाट प्रदान गरिने सूचनामा जन समुदायको सहज पहुँच पुऱ्याउन सिकाइ केन्द्रको नियमित सञ्चालनको व्यवस्था हुनेछ। सो केन्द्रभित्र विभिन्न श्रव्य-दृश्य सामग्री सहित विपद् तथा जलवायु परिवर्तनसँग सम्बन्धित सम्पूर्ण जानकारी उपलब्ध हुने विद्युतीय तथा मुद्रित सामाग्रीहरू राखिनेछन् र सोसँग सम्बन्धित श्रव्य-दृश्य

सामाग्री मौसमि प्रकोप तथा यसले निम्त्याउन सक्ने विपद्का बारेमा यथेष्ट जानकारी कार्यालय समयमा निरन्तर रूपमा प्रशारण गर्नुपर्नेछ।

१५. **केन्द्रको दिगोपना** : यस सिकाइ केन्द्रलाई विभिन्न सरकारी, गैरसरकारी, बिकास साझेदारतथा सामुदायिक संघ संस्थाहरुको सहयोग र समन्वयमा प्रभावकारी ढंगले दिगो रुपमासञ्चालन गर्ने व्यवस्था सम्बन्धित सञ्चालन तथा ब्यवस्थापन  समिति र स्थानीय निकायले मिलाउनु पर्नेछ। यसको दिगो सञ्चालनार्थ सिकाइ केन्द्र संचालन कोषलाई सुदृढ र प्रभावकारी बनाउनपहल गर्ने दायित्व सञ्चालन तथा ब्यवस्थापन  समिति र स्थानीय निकायको हुनेछ।

## अनुसूची १

## स्थानीय विपद ब्यवस्थापन तथा जलवायु सिकाई केन्द्रको लागि न्यूनतम अत्यावश्यक सामाग्रीसूची

| **क्र.स.** | **सामाग्रीहरु** | **थान** |
|---|---|---|
| १ | टेलिभिजन ४८ इन्च ( सके सम्म आधुनिक प्रबिधि युक्त ) | १ |
| २ | टेलिफोन | १ |
| ३ | इन्टरनेट ब्यवस्थापन (वाईफाई समेत ) | १ |
| ४ | मल्टिमिडिया प्रोजेक्टर | १ |
| ५ | क्यामेरा (जुम सहित ) | १ |
| ६ | डेस्कटप कम्प्युटर तथा प्रिन्टर | १ |
| ७ | इन्भर्टर ब्याकअफ ( उपयुक्त क्षमताको ) | १ |
| ८ | सोलार सिस्टम | १ |
| ९ | दराज | ३ |
| १० | फोटो कपि मेसिन | १ |
| ११ | फ्याक्स मेसिन | १ |
| १२ | डिजिटर डिस्प्लेको व्यवस्था | १ |
| १३ | साउन्ड सिस्टम | १ |
| १४ | हार्ड डिस्क (१ टि.वी.) | २ |
| १५ | कुर्सी | १० |
| १६ | अन्य फर्निचर आवश्यकता अनुसार तयारी | |
| १७ | हिटर वा फ्यान | ३ |

**प्रमाणीकरण मितिः २०७६।०८।२०**

**आज्ञाले,**
**कृष्ण हरि न्यौपाने**
**प्रमुख प्रशासकीय अधिकृत**